# मधेशी आयोग
## ज्वागल, ललितपुर

फोन नं. ०१-५२६९९१८५
टोल फ्रि नं. १६६००११६१८५

प.सं.: २०८१/८२
च.नं.

मिति-२०८१।०९।०५

# प्रेस विज्ञप्ति

## तत्काल नै कारवाही गरियोस्

मिति २०८१/०९/०४ गतेमा सम्पन्न NPL (Nepal Premier League), Qualifier 2 (Janakpur Bolts Vs Karnali Yaks) को खेलमा एउटा उदण्ड र अराजक समुहद्वारा जनकपुर वोल्टस् प्रति देखाएका नश्लीय र साम्प्रदायिक तथा रंगीयताका अभद्र रंग कुनैपनि तवरले अग्राह्य रहेको ठम्याई आयोगको रहेछ ।विभिन्न प्रकारका संचार माध्यमबाट प्रष्टिएकाहरु माथि राज्यका जिम्मेवारीमा वसेका सुरक्षा निकायहरुले कुनैपनि कारवाही नगर्नु अशोभनिय रहेको र जिम्मेवारी बोध नभएको देखिन्छ । कुनै पनि देशको संविधान, ऐन, कानूनले त्यो मुलुकको सभ्यता- संस्कृति- प्रथा- परम्परा- सोच- व्यवहार र सामाजिक रितिरिवाज समेतलाई प्रतिबिम्बित गरेको हुन्छ । संबिधान, ऐन, कानूनले विभेद, गलत रितिरिवाज, छुवा-छूत विरुद्ध कानुनी रूपमा दण्ड सजायको गरेको छ । तर, सो कानुनी व्यवस्थाको बावजूद पनि यस्ता विभेदकारी सोच र व्यवहार व्यवहारिक रूपमा विद्यमान नै रहेको देखिन्छ।अहिले एउटा सम्प्रदायमा देखिएका मधेशी समुदायप्रतिको विभेदकारी र नश्लीय सोचले मुलुक निर्माणमा अवश्य नै समस्या उत्पन्न गर्नेछ । NPL मा जनकपुरका खेलाडीहरुका अगाडी नै अभद्र र अपमानित हुने खालका नारा- जुलुस लगाए। जुन कार्य अति निन्दनीय र कानुन विपरितका दण्डनीय कार्य रहेको छ ।

तर्सथ, तत्कालै राज्यले ती उदण्डी र अभद्री आपराधीलाई तुरुन्त कानूनी रुपमा दण्डित गर्ने कार्य गर्न र संवेदनशील हुन आयोग अपील गर्दछ । र, सोको लागि आयोगले गृह-प्रशासनमा सिफारिस समेत गरिसकेको छ ।साथै, संयमित हुन समेत आग्रह गर्दछ ।

मधेशी आयोग